NLG INSURANCE
COMPANY LIMITED

**एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको बिशेष साधारण सभाको कामकारवाहीको अभिलेख (माईन्यूट) सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ७५ (३) को व्यवस्था बमोजिम शेयरधनीहरुको जानकारीका लागी प्रकाशित गरीएको विवरण :**

**बैधानीक सभा :**
एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको नियमावलीको नियम १० र कम्पनी ऐन, २०६३ को दफा ८२ (१) बमोजिम विशेष साधारण सभा यस कम्पनीको संचालक समितिका अध्यक्ष श्री बिमल प्रसाद वाग्लेको सभापतित्वमा देहाय अनुसार सम्पन्न भयो ।

**बिशेष साधारण सभा बसेको मिति, समय र स्थान :**
मिति २०७६ ज्येष्ठ १४ गते मंगलबार (तदानुसार २८ मे २०१९)
समय विहान १०:०० बजे
स्थान अडिटोरियम हल, रसियन सेन्टर अफ साईन्स एण्ड कल्चर, कमल पोखरी, काठमाण्डौ ।

**सभाको सूचना प्रकाशन:**
कम्पनी ऐन २०६३ को दफा ६७ (२) र कम्पनीको नियमावलीको नियम १० को व्यवस्था अनुरुप शेयरधनी महानुभावहरुको ठेगानामा कुरियर मार्फत विशेष साधारण सभा बस्ने बारेको सूचना पठाइएको थियो । साथै मिति २०७६ बैशाख २३ गतेको राष्ट्रिय पत्रिका कारोबार दैनिकमा र मिति २०७६ ज्येष्ठ ०१ गतेको राष्ट्रिय पत्रिका आर्थिक अभियान दैनिकमा गरि दुई पटक विशेष साधारण सभा बस्ने सम्बन्धि सूचना प्रकाशित गरिएको थियो ।
विशेष साधारण सभाको सूचना, प्रबन्धपत्र तथा नियमावली कम्पनी ऐन २०६३ अनुसार संशोधनका लागी तयार गरीएको तीन महले विवरण कम्पनीको वेवसाइट www.nlg.com.np मा समेत राखीएको थियो ।

**सभाको बैधानिकता:**
साधारण सभा सुरु हुन अघि कम्पनी सचिवले उपस्थित शेयरधनी तथा अन्य महानुभावहरुलाई कम्पनीको तर्फबाट स्वागत अभिवादन गर्दै यो सभा कम्पनी ऐन, २०६३ को दफा ८२(१) र कम्पनीको नियमावली बमोजिम बोलाईएको व्यहोरा सभालाई जानकारी दिइयो ।
कम्पनीको कुल शेयर कित्ता ६४,०४,०६२ मध्ये प्रतिनिधि मार्फत उपस्थित समेत ४३,३४,४९२ कित्ताले कुल शेयरको ६७.०८ प्रतिशत प्रतिनिधित्व हुने गरी १०९ जना शेयरधनीहरुको उपस्थितीबाट कम्पनी ऐन, २०६३ को दफा ७३(२) तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार साधारण सभा गर्नका लागी आवश्यक गणपुरक संख्या पुगेको र प्रचलीत कानुनको पालना भएको हुँदा कानुनतः सभा बैधानीक भएको व्यहोरा अवगत गराइयो ।
कम्पनी ऐन, २०६३ एवं कम्पनीको नियमावलीमा संचालक समितिको अध्यक्ष साधारण सभाको सभापति हुने प्रावधान भए अनुसार संचालक समितिको अध्यक्ष श्री बिमल प्रसाद वाग्लेलाई यस विशेष साधारण सभाको सभापतिको आसन ग्रहण गर्न विधिवत अनुरोध गरे पश्चात अध्यक्षले सभापतिको आसन ग्रहण गरी उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नु भयो । कम्पनीको संचालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव तथा कम्पनीको उच्च व्यवस्थापकहरुलाई डायसमा आमन्त्रण गरी स्थान ग्रहण गर्न अनुरोध गरियो ।
आसन ग्रहण तथा परिचय पश्चात सभाका सभापति श्री बिमल प्रसाद वाग्लेले सभा शुभारम्भ गर्नु भयो र पूर्व सूचित विषयहरु उपर छलफल प्रारम्भ गर्ने क्रममा कम्पनीले आजको यस बिशेष साधारण सभा बोलाउनु पार्नाको पृष्ठभूमि/कारणहरुमा श्री बीमा समिति द्वारा निर्जीवन बीमा कम्पनीहरुको न्युनतम चुक्ता पूँजी रु. एक अर्ब पुऱ्याउने सम्बन्धमा दिएको निर्देशन कार्यान्वयन गर्न आ.व. २०७४/७५ को वित्तिय विवरण अनुसार आर्जन भएको मुनाफावाट बढी बोनस शेयर प्रदान गरि नपुग रकम हकप्रद शेयर मार्फत कम्पनीको चुक्ता पूँजी पुऱ्याउने योजना भएकोमा नियामक निकाय श्री बीमा समितिले आ.व. २०७४/७५ देखिनै नेपाल लेखामान प्रतिवेदन (NFFRS) बमोजिम वित्तिय विवरण तयार गर्न दिएको निर्देशन अनुसार उक्त वित्तिय विवरण तयार गर्न केहि प्राविधिक कारणहरुले ढिलो हुन गएको हुदाँ नियमित वार्षिक साधारण सभा समयमा सम्पन्न हुन नसक्ने अवस्था सिर्जित हुनाका साथै हकप्रद शेयर जारी गर्न समेत श्री नेपाल धितोपत्र बोर्डको स्विकृती आवश्यक भएको हुदा सो का लािग समेत रेटिङ्ग गराउनु पर्ने कारणले पूँजीबृद्धि कार्य समयमै सम्पन्न गर्न कठिन हुन गएको साथै, यस कम्पनीको संस्थापनको समयमा यस कम्पनीको मुख्य संस्थापक कम्पनी श्री नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. का तत्कालिक शेयधरनीहरुलाई जारी गरिएको समूह “ख” को शेयरहरु समेत संस्थापक मानिएको हुदाँ उक्त समूह “ख” को शेयरहरु दोश्रो बजारमा खरिदबिक्रि भई कारोबार नभई रहेको हुदाँ उक्त समूहको शेयरधनीहरुलाई मर्का परेकोले समेत उक्त शेयर दोश्रो बजारमा कारोबार शुरु गर्नाका लागि सो समूहका शेयरधनीहरुको समायोजन गर्नुपर्ने देखिएकोले बिशेष साधारण सभा बोलाई उपर्युक्त विषयहरुको सम्बन्धमा बिशेष प्रस्ताव पेश गरिएको व्यहोरा सभालाई अवगत गराउनु भयो ।
सभामा शेयरधनीहरुश्री अमृत नाथ रेग्मी, श्री उद्धव प्रसाद घिमिरे, श्री डमरु बल्लभ घिमिरे, श्री गुण राज भट्ट, श्री अमिर दास रञ्जित, श्री चन्द्र नारायण श्रेष्ठ सक्रिय रुपमा छलफलमा सहभागी हुनुभई आ-आफनो टिप्पणी, मनतव्य, जिज्ञासा, राय तथा सुझाव राख्नु भएकोमा सभामा उठेका प्रश्नहरु प्रति सभापतिज्यूबाट जवाफ दिंदै मन्तव्य, राय तथा सुझावहरुको लागि धन्यबाद दिनु भयो ।

**सभाबाट भएका निर्णयहरु:**
यस साधारण सभामा पारित निर्णयहरु फेरवदल गर्न नियमनकारी निकायवाट सुझाव वा निर्देशन दिएमा सो वमोजिम गर्न संचालक समितिलाई अधिकार प्रदान गरिए अनुसार समेतलाई दृष्टिगत गरी निम्न विशेष प्रस्ताव पारित भयो ।

**क) बिशेष प्रस्ताव :**

१) यस सभामा प्रस्तावित हकप्रद शेयर कार्यान्वयन गर्न प्रबन्धपत्रको दफा ५(ख) मा रहेको हालको व्यवस्था संशोधन गर्न “कम्पनीको तत्काल जारी गर्ने पूँजी रु.१,०२,४६,५०,०००/-(एक अर्ब दुई करोड छयालीस लाख पचास हजार मात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १,०२,४६,५०० (एक करोड दुई लाख छयालीस हजार पाँच सय) थान साधारण शेयरमा विभाजन गरिएको छ।” भन्ने व्यवस्था कायम गर्ने, त्यसै गरि नियमावलीको नियम ५ (ख) मा रहेको हालको व्यवस्था संशोधन गरी ““कम्पनीको तत्काल जारी गर्ने पूँजी रु.१,०२,४६,५०,०००/-(एक अर्ब दुई करोड छयालीस लाख पचास हजार मात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १,०२,४६,५०० (एक करोड दुई लाख छयालीस हजार पाँच सय) थान साधारण शेयरमा विभाजन गरिएको छ। ” भन्ने व्यवस्था कायम गर्ने गरी पेश भएको विशेष प्रस्ताव सभामा सर्वसम्मतिबाट पारित भयो ।

२) नीर्जीवन बीमा कम्पनीहरुलाई नियामक निकायबाट तोकिएको पूँजी सम्बन्धी प्रावधानलाई दृष्टिगत गरी कम्पनीको हाल कायम रहेको चूक्ता पूँजी रु. ६४,०४,०६,२५०/- (चौसाठी करोड चार लाख छ हजार दुई सय पचास) को १० शेयर बराबर ६ शेयर (६० प्रतिशत) को अनुपातले हकप्रद शेयर जारी गर्ने सम्बन्धी बिशेष प्रस्तावसभामा सर्वसम्मतिबाट पारित भयो ।

३) समूह 'ख' को शेयर सहज विक्री वितरण गर्ने प्रयोजनका लागि सो समूहलाई आवश्यक समायोजन गर्न संस्थापक शेयरधनी समूहको न्यूनतम ५१% हुनु पर्ने वर्तमान प्रावधानलाई दृष्टिगत गरी हाल कम्पनीको प्रबन्धपत्रको दफा ५ ग (१) तथा नियमावलीको नियम ५ ग (१) मा “कम्पनीको संस्थापक शेयरवालाहरुले जारी पूँजीको ५० प्रतिशत वरावर हुन आउने रकम लिनेछन्” भनि व्यवस्था रहेकोमा सो लाई संशोधन गरी यस सम्बन्धमा साधारण सभावाट संचालक समितिलाई आवश्यक निर्णय लिन अधिकार प्रत्यायोजन गरेको निर्णयको समेत आधारमा हाल प्रचलित प्रावधान वमोजिम संस्थापक शेयरधनी न्यूनतम ५१ प्रतिशत हुनु पर्ने व्यवस्था भएकोले समूह 'ख' मा रहेको शेयर संख्याको ५% समानुपातिक हिसाबले संस्थापक समूह 'क' मा र बाँकी ९५ प्रतिशत सर्वसाधारण समूहमा समायोजन गरी मिलान गर्ने र यसरी समायोजन गर्दा शेयरधनीको दशमलब .५० वा सो भन्दा बढी आएको अंशको सम्बन्धमा १ शेयर संस्थापक समूह 'क' मा मिलान गर्ने र बाँकी मात्र सर्वसाधारण समूहमा मिलान गर्ने प्रस्ताव सभामा सर्व सम्मतिवाट पारित भयो ।

४) हकप्रद शेयर जारी पश्चात एवं हाल रहेको समूह 'ख' को समायोजन पश्चात कम्पनीको जारी तथा चुक्ता पूँजी बृद्धि भई रु. १,०२,४६,५०,०००/-(एक अर्ब दुई करोड छयालीस लाख पचास हजार) लाई सोही अनुसार जारी तथा चुक्ता पूँजी प्रबन्धपत्रको दफा ५ (ग) र (घ) तथा नियमावलीमा नियम ५ (ग) र (घ) मा संशोधन गरी देहाय अनुसार कायम गर्ने बिशेष प्रस्तावसभामा सर्वसम्मतिबाट पारित भयो ।

**प्रबन्धपत्र दफा ५ ग:** कम्पनीको जारी पुँजीको स्वामित्वको विभाजित अनुपात निम्नानुसार हुनेछ।

१) संस्थापक शेयरवालाहरुले जारी पूँजीको ५१ प्रतिशतको रु. ५२,२५,७१,५००/- (बाओन्न करोड पचिस लाख एकहत्तर हजार पाँच सय)को शेयर लिने छन्। संस्थापक शेयरवालाहरुलाई समूह “क” भनिनेछ।

२) कम्पनीले जारी पूँजीको ४९ प्रतिशतको रु. ५०,२०,७८,५००/– (पचास करोड बीस लाख अठत्तर हजार पाच सय) को साधारण शेयरसर्वसाधारण (समूह “ख”) को लागि छुट्याएको छ। यस समूहका लागि छुट्याइएको शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर कम्पनीका कर्मचारीहरुलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम विक्री वितरण गर्न सकिनेछ।

**प्रबन्धपत्र दफा ५ घ:** कम्पनीको तत्काल चुक्ता पूँजी रु. १,०२,४६,५०,०००/– (अक्षरेपी एक अर्ब दुई करोड छयालीस लाख पचास हजार) हुनेछ।

**नियमाली नियम ५ ग:** कम्पनीको जारी पुँजीको स्वामित्वको विभाजित अनुपात निम्नानुसार हुनेछ।

(१) संस्थापक शेयरवालाहरुले जारी पूँजीको ५१ प्रतिशतको रु. ५२,२५,७१,५००/- (बाओन्न करोड पचिस लाख एकहत्तर हजार पाँच सय)को शेयर लिने छन्। संस्थापक शेयरवालाहरुलाई समूह “क” भनिनेछ।

(२) कम्पनीले जारी पूँजीको ४९ प्रतिशतको रु. ५०,२०,७८,५००/– (पचास करोड बीस लाख अठत्तर हजार पाच सय) को साधारण शेयरसर्वसाधारण (समूह “ख”) को लागि छुट्याएको छ। यस समूहका लागि छुट्याइएको शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर कम्पनीका कर्मचारीहरुलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम विक्री वितरण गर्न सकिनेछ।

**नियमावली नियम ५ घ:** कम्पनीको तत्काल चुक्ता पूँजी रु. १,०२,४६,५०,०००/– (अक्षरेपी एक अर्ब दुई करोड छयालीस लाख पचास हजार) हुनेछ।

(५) माथि उल्लेखित प्रबन्धपत्र तथा नियमावलीमा संशोधन पश्चात संस्थापक समूह तथा सर्वसाधारण समुह मात्र कायम रहने हुदाँ संचालक समितिलाई सभाले प्रदान गरेको अख्तियारी एवं “बीमकको संस्थागत सुशासन सम्बन्धि निर्देशिका २०७५” समेतको आधारमा नियमावलीको नियम १२(ख) मा भएको हालको व्यवस्थामा संचालकहरुको संख्यामा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**नियमावलीको नियम १२ (ख)**
यस कम्पनीमा निम्न बमोजिम संचालक रहनेछन्।
१) “क” समूहको संस्थापक मुख्य कम्पनीवाट ३ जना संचालकले “क” समूहको प्रतिनिधित्व गर्नेछन्।
२) “ख” समूहको सर्वसाधारण शेयरवालाहरु मध्येवाट निर्वाचित २ जनाले संचालक समितिमा प्रतिनिधित्व गर्नेछन्।
३) कम्पनी ऐन २०६३ को दफा ८६ ले निर्दिष्ट गरे अनुसार स्वतन्त्र संचालकहरु नियुक्त गरिनेछ।
साथै माथि उल्लेखित संचालक संख्या मध्ये एक जना महिला संचालक अनिवार्य रहनेछ।

(६) प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायको निर्देशन अनुसार आवश्यक फेरबदल गर्नुपर्ने भएमा सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव सभामा सर्वसम्मतिवाट पारित भयो ।

(७) विविध: विविध अन्तर्गत केहि प्रस्ताव नभएको ।

अन्तमा सभापतीज्यूले यस सम्मानीत सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, बिभिन्न नियामक निकायहरुबाट पाल्नु भएका पर्यवेक्षक प्रतिनिधीहरु, पत्रकार महानुभावहरु, कम्पनीका पदाधिकारीहरु, रसियन कल्चर अफ साईन्स एण्ड कल्चर, कमल पोखरी, काठमाण्डौ र सम्पूर्ण संचालक समितिका सदस्यहरुलाई धन्यबाद दिनु भयो र कम्पनीका लागि रचनात्मक सुझाबहरु दिनु हुने वक्ता शेयरधनी महानुभावहरु प्रति आभार व्यक्त गर्नु भयो र छलफलका अन्य विषय बाँकी नरहेकोले दिनको ११:४५ बजे सभा समाप्त भएको घोषणा गर्नु भयो ।